सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको मन्तव्य
शुभकामना_१ अगस्त २०२५

**नेपालका लागि जनवादी गणतन्त्र चीनका महामहिम राजदूत श्री छन् सोङ,**
**माननीय मन्त्रीज्यूहरू,**
**महामहिमहरू,**
**विशिष्ट अतिथिगण,**
**दिदीबहिनी तथा दाजुभाइहरू,**

**नमस्कार र शुभ-सन्ध्या।**

नेपाल र जनवादी गणतन्त्र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वार्षिकोत्सवको विशेष अवसरमा तपाईंहरू सबैसँग उपस्थित हुन पाउँदा म अत्यन्त सम्मानित र हर्षित छु। यस महत्वपूर्ण समारोहको आयोजना गर्नु भएकोमा म महामहिम राजदूतज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**महामहिमहरू, दिदीबहिनी तथा दाजुभाइहरू,**

७० वर्षअघि, हाम्रो दुई देशबीच औपचारिक मित्रताको यात्रा आरम्भ भयो। आज, यो प्लेटिनम जुब्लीको अवसरमा, म नेपाल र चीनका सम्पूर्ण मित्रहरूलाई हार्दिक शुभकामना र अभिवादन व्यक्त गर्न चाहन्छु।

यस दिनले हामीलाई आत्ममूल्यांकन गर्ने अवसर दिएको छ। बितेका दशकहरूमा, नेपाल-चीन सम्बन्ध आपसी विश्वासमा आधारित हुँदै अझ सुदृढ र गहिरो बनेको छ। शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तहरू हाम्रो सम्बन्धको आधार रहे। सफलताका पलमा पनि, चुनौतीका क्षणहरूमा पनि हामी एक-आपसमा सधैं सँगसँगै उभियौं।

हाम्रो सम्बन्ध सभ्यतागत ऐतिहासिक जग र सांस्कृतिक सामीप्यमा आधारित छ। यो पारस्परिक सम्मान र जनस्तरको आत्मीयताले अझ समृद्ध बनेको छ। नेपालले एक चीन नीतिलाई दृढ समर्थन गर्दछ। चीनले पनि सधैं नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रताको सम्मान गर्दै आएको छ।

चीन हाम्रो नजिकको छिमेकी मात्र होइन,
विश्वसनीय विकास साझेदार पनि हो।
हामी यस दीर्घकालीन, समयले परीक्षित मित्रतालाई अत्यन्तै महत्व दिन्छौं।

यस यात्रामा थुप्रै ऐतिहासिक मोडहरू आएका छन्। सन् २०१९ मा महामहिम राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमण ऐतिहासिक रह्यो। यसले हाम्रो सम्बन्धलाई **"विकास र समृद्धिका लागि साझा लक्ष्यसहितको दीर्घकालीन मित्रता र आपसी विश्वासमा आधारित रणनीतिक सहकार्यको साझेदारी"** को तहमा उकासेको छ।

यस अवसरमा मैले सन् २०२४ को डिसेम्बरमा गरेको चीनको औपचारिक भ्रमण स्मरण गर्न चाहन्छु। मेरो चीनका उच्चस्तरीय नेताहरूसँग भएका संवादहरू अत्यन्तै फलदायी भए। हामीले आपसी सहकार्यलाई थप गहिरो बनाउने प्रतिबद्धताको पुनः पुष्टि गर्‍यौं। बेल्ट एण्ड रोड सहकार्यको ढाँचामा भएको हस्ताक्षरले हाम्रो साझा संकल्पलाई मजबुत बनाएको छ।

चीनले पूर्वाधार र कनेक्टिभिटीमा गरेको सहयोगले नेपाललाई भौगोलिक सीमाहरू पार गर्न मद्दत पुर्‍याएको छ। कृषि, व्यापार, पारवहन, ऊर्जा, स्वास्थ्य, डिजिटल प्रविधि र जलवायु प्रवलीकरणजस्ता क्षेत्रमा हाम्रो सहकार्य निरन्तर फैलिंदो छ। यी सहकार्यहरूले दुवै देशका लागि नयाँ अवसरहरू खोलिरहेका छन्।

विश्वले जलवायु संकटको सामना गरिरहेको सन्दर्भमा,
नेपालले हाम्रा सीमामा रहेका हिमालय र नाजुक पर्यावरणीय प्रणालीको संरक्षणमा चीनसँगको सहकार्यलाई उच्च प्राथमिकता दिन्छ। यसै वर्ष सम्पन्न पहिलो **सगरमाथा संवाद** यस दिशातर्फको सार्थक कदम थियो। हालै लिङ्दे खोलामा आएको बाढीले सीमाका दुवै छेउमा व्यापक क्षति पुर्यायो। यसले विपद् पूर्वतयारी, प्रारम्भिक सूचना प्रणाली र दिगो हिमाली विकासमा संयुक्त प्रयासको आवश्यकता झनै बलियो बनाएको छ।

नेपाल चीनले राष्ट्रिय पुनरोदय र आधुनिकतामा हासिल गरेको अद्वितीय उपलब्धिहरूको उच्च सम्मान गर्दछ। करोडौं मानिसहरूलाई गरिबीबाट मुक्त गर्नु, नवप्रवर्तन र दिगो विकासमा अग्रणी बन्नु, र अन्तर्राष्ट्रिय सहकार्यमा नेतृत्वदायी

भूमिका खेल्नु— यी सबै विश्वका लागि प्रेरणादायी छन्। यी उपलब्धिहरूले चीनलाई मात्र होइन, सम्पूर्ण क्षेत्र र विश्वलाई स्थायित्व र प्रगतिमा योगदान दिएका छन्।

हामी पनि यिनै प्रेरणाबाट "समृद्ध नेपाल, सुखी नेपाली"को हाम्रो राष्ट्रिय आकांक्षातर्फ अघि बढिरहेका छौं।

**महामहिमहरू, दिदीबहिनी तथा दाजुभाइहरू,**

आजको अनिश्चितताले भरिएको विश्वमा,
नेपाल-चीन मित्रता स्थिरता, ऐक्यबद्धता र साझेदारी प्रगतिको सन्देश हो। हामी यस बलियो आधारमा अझ मजबुत रूपमा अगाडि बढ्न चाहन्छौं——सहकार्य विस्तार गर्दै, पहुँच थप बलियो बनाउँदै, र आपसी लाभका नयाँ बाटोहरू निर्माण गर्दै।'

आउनोस्, हामी यो मित्रताको यात्रा एकसाथ, विश्वास र सद्भावका साथ अगाडि बढाउँ।
नेपाल-चीन मित्रता अझ बलियो, अझ गहिरो, र अझ अर्थपूर्ण बन्दै जाओस्— हार्दिक शुभकामना!

**धन्यवाद।**